नेपाल सरकार

उद्योग मन्त्रालय

## लगानीकर्ता संरक्षण कोषको सचिवालय

## कम्पनी रजिष्ट्रारको कार्यालय

त्रिपुरेश्वर, काठमाण्डौं

# सूचीकृत पब्लिक कम्पनीहरुले लगानीकर्ता संरक्षण कोषमा रकम जम्मा गरी कार्यालयलाई जानकारी उपलब्ध गराउने सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मिति २०७४/०४/०३**

कम्पनी ऐन, २०६३ को दफा १८३ ले व्यवस्था गरे बमोजिम लगानीकर्ता संरक्षण कोषको स्थापना, व्यवस्थापन तथा संचालनको लागि "लगानीकर्ता संरक्षण कोषको व्यवस्थापन तथा संचालन कार्यविधि, २०७३" स्वीकृत भै उक्त कोषको स्थापना भैसकेकोले कम्पनी ऐन, २०६३ को दफा १८३ को उपदफा (१) अनुसार कम्पनीको शेयरमा लगानी गर्न प्रवाह भएको रकम फिर्ता लिन ५ वर्षसम्म कुनै लगानीकर्ताको दावी प्रस्तुत हुन नआएको रकम तथा सोही ऐनको दफा १८२ को उपदफा (९) अनुसार लाभांश बितरण गर्ने विषयमा कम्पनीको साधारणसभाले निर्णय गरेको मितिले ५ वर्षसम्म पनि कुनै शेयरधनीले बुझि नलिएको लाभांशको रकम कोषको कार्यबिधिको दफा ७ को प्रयोजनको लागि कोषको सचिवालय कम्पनी रजिष्ट्रारको कार्यालय, त्रिपुरेश्वर, काठमाण्डौको देहायको कल खातामा जम्मा गरी सो को सक्कल भौचर र कोष संचालन कार्यबिधि अनुसूची १ को ढांचामा विवरण उपलब्ध गराईदिनु हुन सम्बन्धित सवै सूचिकृत पब्लिक कम्पनीहरुलाई अनुरोध गरिन्छ ।

**रकम जम्मा गर्नुपर्ने कल खाताको विवरण:**
बैंकको नामः सिभिल बैंक लिमिटेड
खाता नं.: ००२१००९२७४९०१५
खातावालाको नाम : लगानीकर्ता संरक्षण कोषको सचिवालय,
कम्पनी रजिष्ट्राको कार्यालय,
ठेगाना : त्रिपुरेश्वर, काठमाडौं ।

**लगानीकर्ता संरक्षण कोष**
कम्पनी रजिष्ट्रारको कार्यालय
त्रिपुरेश्वर, काठमाडौं